खण्ड १

# नागरिक-सेना सम्बन्ध

# प्रधानसेनापति प्रकरणको पाठ

## खिम घले

२०६६ वैशाख २० गते घडीको सुईले रातको १० बजाउनै लागेको थियो । सरकारले त्यही दिन हटाएका प्रधानसेनापति रूक्मांगद कटवाल र केही उच्च सैनिक अधिकारीहरू अझै भद्रकालीस्थित जंगी अड्डामै थिए । उनीहरू राष्ट्रपति रामवरण यादवबाट कुनै लिखित 'आदेश' को पर्खाइमा थिए ।

सेनापति कटवालले त्यहींबाट राष्ट्रपति भवनमा 'आदेश' बारे पटकपटक सोध्दै थिए । उनीलगायतका सैनिक अधिकारीहरूले जंगी अड्डाबाटै राजनीतिक, कूटनीतिक र मिडियालाई समेत हरेक किसिमले आफ्नो अनुकूल बनाउने कोसिस गरिरहेका थिए । अन्ततः उनीहरूले प्रतीक्षा गरेको समय आयो । राति साढे १० बजे राष्ट्रपति भवनबाट सेनापति कटवाललाई यथावत् काम गर्न भनिएको 'निर्देशन पत्र' आइपुग्यो (हेर्नुहोस् अनुसूची ४)।

उच्च सैनिक अधिकारीहरूले तत्कालै सैनिक जनसम्पर्क निर्देशनालयका अधिकृतहरूलाई बोलाए, र त्यससम्बन्धी जानकारी सञ्चार गृहहरूमा पठाउन निर्देशन दिए । साथै महारथी कटवाल नै सेनापतिमा कायम रहेको निर्देशनपत्र पनि तयार पारियो र राष्ट्रपतिको पत्रसमेत नत्थी गरेर सेनाका सबै पृतना तथा सम्बन्धित इकाइहरूमा पठाइयो । वैशाख २१ गते बिहान करिब ९ बजे नै सबै

प्रिन्सिपल स्टाफ अफिसर्स (पिएसओज्)[१] लाई जंगी अड्डामा आकस्मिक बैठकका लागि बोलाइयो । उनीहरूले एकमतका साथ राष्ट्रपतिको निर्देशन अन्तिम हुने निष्कर्ष निकाले । यसरी सेनापति कटवाललाई हटाउने प्रक्रियामा जननिर्वाचित सरकारले गरेको निर्णय राष्ट्रपतिको निर्देशनबाट अमान्य बनाइयो ।

सेनापति कटवाललगायत सैनिक अधिकारीहरू यसरी मध्यरातसम्म जंगी अड्डामा कुर्नु पर्नाको कारण त्यसै दिन दिउँसो पिएसओज्ले गरेको निर्णय थियो । उनीहरूले मन्त्रिपरिषद्को निर्णयमा 'आजैका दिनदेखि सेनापति हटाइएको' उल्लेख भएको हुँदा त्यसअनुरूप उनको समयावधि मध्यरात १२ बजेसम्म हुन्छ भन्ने व्याख्या गरेका थिए । त्यसैले मध्यरातसम्म राष्ट्रपति भवनबाट कुनै पनि निर्देशन जारी गराएर सेनापति कटवाललाई टिकाउन कुरेका थिए । माओवादी नेतृत्वको सरकारबाट त्यही दिन सत्ता साझेदार नेकपा (एमाले) ले समर्थन फिर्ता लिएको; नेकपा (एमाले), नेपाली काँग्रेसलगायत १८ राजनीतिक दलद्वारा सरकारको कदम असंवैधानिक भएकाले सच्याउन राष्ट्रपतिलाई अनुरोध गरिएको आदि राजनीतिक घट्नाक्रमले गर्दा राष्ट्रपति भवनबाट कुनै न कुनै कदम चालिनेमा उनीहरू ढुक्क थिए ।

प्रधानसेनापति प्रकरणलाई कुनै सेनापति विशेषलाई हटाउने या थमौती गर्ने प्रसंगको रूपमा मात्र हेरिनुहुन्न । यसलाई मुलुकको समग्र प्रजातान्त्रिक प्रक्रियामा सेनाको स्थान कहाँ छ वा कहाँ हुनुपर्छ भन्ने दृष्टिकोणबाट विश्लेषण गर्न आवश्यक छ । त्यति मात्र होइन, माओवादीको नेतृत्वमा सरकार बनेपछि सेनासँग उसको सम्बन्ध र राजनीतिक अभीष्टसँग पनि यसलाई जोडेर हेर्नुपर्ने हुन्छ । यो घटनाले एकतिर राष्ट्रिय सेनाप्रति आम नेपालीको संवेदनालाई उजागर गर्‍यो भने अर्कातर्फ नेपाली सेना राजनीतिको कति नजिक छ भन्ने कुराको पनि हेक्का दिलायो ।

## विवादको उत्कर्ष

सरकारले प्रधानसेनापति रूक्मांगद कटवाललाई स्पष्टीकरण मागेपछिको दुई साता नेपाली सेनाका लागि इतिहासमै कठिन अवस्थाका रूपमा देखापर्‍यो । २०६६ वैशाखको दोस्रो र तेस्रो साता नेपाली सेनाले कहिल्यै नबेहोरेको आलोचना

---

[१] नेपाली सेनाको जंगी अड्डा र उपत्यकामा रहेका उपरथीभन्दा माथिका सैनिक अधिकारीहरूको बैठकलाई 'पीएसओज्' बैठक भनिन्छ । यसलाई प्रधानसेनापतिको औपचारिक सल्लाहकार मण्डलका रूपमा पनि लिइन्छ ।

खेप्यो र अपूर्व समर्थन पनि पायो । सरकारको निर्णयको समर्थन गर्नेहरूले सेनापतिले राजनीति गर्न खोजेको भन्दै आलोचना गरे भने विपक्षीले त्यसलाई सेनामाथि नियन्त्रण जमाउने माओवादी प्रयास भन्दै विरोध गरे । सेनापति कटवाललाई हटाई बलाध्यक्ष रथी कुलबहादुर खड्कालाई सेनापतिमा कायममुकायम (कामु) मुकरर गरिएको पत्र सरकारले दिएपछि त आरोप-प्रत्यारोप झन् बढ्यो । राष्ट्रपतिले सेनापति कटवाललाई नै यथावत् काम गर्न निर्देशन दिएपछि सेनामा दोहोरो नेतृत्वको अवस्थासमेत देखापर्‍यो । त्यसले गर्दा सेनामा अन्योल र असमञ्जस देखियो ।

वैशाख ७ गते माओवादी नेतृत्वको सरकारले तत्कालीन प्रधानसेनापति कटवाललाई तीनओटा विषयमा स्पष्ट पार्न भन्दै 'कारबाही किन नगर्ने ?' भनी स्पष्टीकरण मागेको थियो । स्पष्टीकरण सोध्नुअघि प्रधानमन्त्री पुष्पकमल दाहालले सरकारमा सहभागी दलका शीर्ष नेताहरूसँग परामर्शसमेत गरेका थिए । त्यसमा सबैको समर्थन रहेको उनले बारम्बार दाबी गरिरहे ।[२]

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सोधिएको स्पष्टीकरणमा सैन्य भर्ना स्थगित नगरी सरकारको निर्देशन उल्लंघन गरेको, आठ सहायकरथीलाई सर्वोच्च अदालतको अन्तरिम आदेशको भरमा सरकारको निर्देशन नपर्खी पुनःबहाली गरेको र पाँचौं राष्ट्रिय खेलकुद कार्यक्रम बहिष्कार गर्नुको कारण सोधिएको थियो । सैनिक ऐन, २०६३ को धारा ११, उपदफा ३ लाई उल्लेख गर्दै उक्त स्पष्टीकरण सोधिएकाले सरकारको मनसाय सेनापतिलाई हटाउने रहेको स्पष्ट हुन्थ्यो । उक्त दफामा सेनापतिलाई सरकारले अवकाश दिनसक्ने र त्यसअघि स्पष्टीकरणको मौका दिइने उल्लेख छ । तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईले स्पष्टीकरण सोधिएकै दिन नेपालगञ्ज विमानस्थलमा संवाददाताहरूलाई सेनापतिलाई हटाउनकै लागि त्यस्तो कदम चालिएको बताएका थिए (कान्तिपुर २०६६क) ।

सेनापतिलाई २४ घण्टे स्पष्टीकरण सोधेको कुरा प्रधानमन्त्री दाहालले त्यसैदिन राष्ट्रपति यादवलाई भेटेर जानकारी गराएका थिए । तर, राष्ट्रपतिले जवाफमा सेनापतिलाई कारबाही गर्नुअघि अन्तरिम संविधान, २०६३ को चौथो

---

[२] सेनापति रूक्मांगद कटवाललाई स्पष्टीकरण माग्नुअघि प्रधानमन्त्री दाहालले एमाले अध्यक्ष झलनाथ खनाल, उपप्रधान तथा गृहमन्त्री वामदेव गौतम, मधेसी जनअधिकार फोरमका अध्यक्ष तथा परराष्ट्रमन्त्री उपेन्द्र यादवसँग छलफल गरेका थिए । उनले पदबाट राजीनामा दिन आयोजित पत्रकार सम्मेलनमा एक लिखित वक्तव्यमार्फत 'कतिपय दल र तिनका नेताहरू सुरुमा सहमत भएर पनि पछि अज्ञात कारणवश पछि हट्नु र यति संवेदनशील विषयमाथि खेलबाड गर्नु लोकतान्त्रिक मूल्य-मान्यता र संस्कृतिको विकासको लागि गम्भीर खतराको सूचक हो' भनेका थिए ।

संशोधनको व्यवस्थाअनुसार सैनिक ऐन संशोधन गर्न र राजनीतिक सहमति जुटाउन आग्रह गरेका थिए ।

स्पष्टीकरण मागेको समाचार बाहिर आउने बित्तिकै प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले त्यसको विरोध सुरु गऱ्यो । सत्ता साझेदार नेकपा-एमालेलगायतका पार्टीमा पनि भुइँचालो गयो । नेकपा-एमालेका अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्रीलाई स्पष्टीकरण सोध्न र कारबाहीको प्रक्रिया अगाडि बढाउन सहमति दिएर चीन भ्रमणमा गएका थिए । त्यसको समर्थन तत्कालीन उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमलगायतले गरेका थिए भने एमालेकै अर्का नेता केपी ओलीको समूहले यसको कडा विरोध गरेको थियो ।

एमाले उपाध्यक्ष विद्या भण्डारीको अग्रसरतामा आयोजित पार्टी स्थायी समितिको बैठकले 'तरल राजनीतिक अवस्था भएको वेला सेनापतिलाई हटाउन खोज्नु जायज नभएको' निर्णय गऱ्यो । सेनापति हटाउने कुरामा नेता माधवकुमार नेपालको पनि असहमति रह्यो । त्यसै गरी संसदको चौथो ठूलो दल मधेसी जनअधिकार फोरममा पनि मत विभाजन सुरु भयो । पार्टीका तर्फबाट सरकारको नेतृत्व गरेका पार्टी अध्यक्ष तथा तत्कालीन परराष्ट्रमन्त्री उपेन्द्र यादव कारबाहीको पक्षमा थिए भने त्यही सरकारका भौतिक योजना तथा निर्माणमन्त्री विजयकुमार गच्छदार विपक्षमा ।

सेनापति कटवालमाथि 'कारबाही गर्नुपर्छ' भन्ने माओवादीसहितका राजनीतिक दलहरू सेनापतिले नागरिक सरकारको निर्देशनको पालना नगरेकाले नागरिक सर्वोच्चता कायम राख्न उनलाई हटाउन पर्छ भन्ने तर्क गरिरहेका थिए भने विपक्षमा रहेकाहरूले सेनापतिलाई हटाइ माओवादीले नेपाली सेनामा प्रभुत्व जमाउन खोजेको तर्क राखेका थिए । माओवादीले नेपाली सेनाको विद्यमान संरचना ध्वस्त बनाई अधिनायकवादी अभ्यास गर्न चाहेको आरोपसमेत विपक्षीहरूले लगाए ।[३]

यसैबीच वैशाख ८ गते कार्यालय समय सुरु हुनेबित्तिकै सेनापति कटवालले प्रधानमन्त्रीलाई पठाएको स्पष्टीकरण मन्त्रिपरिषद्को कार्यालयमा दर्ता गराए (हेर्नुहोस् अनुसूची ३) । पाँच पृष्ठ लामो स्पष्टीकरणको पहिलो दुई बुँदामा सरकारले आफूलाई हटाउन नसक्ने जिकिर गरिएको थियो । उनले सैनिक ऐन, २०६३ को धारा ११ को उपधारा ४ लाई उद्धृत गर्दै आफ्नो कार्यकाल उपधारा २

---

[३] सेनापति कटवाललाई स्पष्टीकरण सोधिएपछि काँग्रेसले उक्त दिन संसदको नियमित कारबाही बहिस्कार गरेको थियो । काँग्रेस उपसभापति रामचन्द्र पौडेलले सेनाको तेजोबध गर्न खोजेको उल्लेख गर्दै त्यो अस्वीकार्य भएको टिप्पणी गरेका थिए ।

अनुसार तीन वर्षको भएकाले बीचमा हटाउन नसक्ने तर्क गरेका थिए । त्यसै गरी सैन्य भर्ना र आठ सहायक रथीहरूको पुनर्बहालीको सम्बन्धमा सर्वोच्च अदालतमा विचाराधीन मुद्दा भएको उल्लेख गर्दै छोटो उत्तर दिइएको थियो । साथै पाँचौं राष्ट्रिय खेलकुदमा अघि नै तयार पारिएको नियमलाई उल्लंघन गरी नयाँ टोली थप गरिएकोमा सेनाले नभई त्रिभुवन आर्मी क्लबका खेलाडीले केही खेल बहिष्कार गरेको उनले स्पष्टीकरण दिए । आफूले नागरिक सर्वोच्चताको सिद्धान्तलाई सधैं मान्दै आएको र परिवर्तनलाई आत्मसात् गरेको समेत कटवालले उल्लेख गरे ।

त्यही दिन बेलुका प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्तारूढ माओवादीको केन्द्रीय सचिवालय बैठकले भने सेनापतिको जवाफ 'स्पष्टीकरण नभई सरकारको प्रतिवाद भएको' ठहर गऱ्यो र प्रधानमन्त्रीलाई तत्काल कारबाही गर्न सुझाव दियो । सेनापति कटवाललाई कारबाही गर्न माओवादी तयार रहे पनि राजनीतिक माहोल प्रतिकूल भइसकेको थियो । प्रधानमन्त्रीले तत्काल कारबाहीको निर्णय गर्न सकेनन् । एमाले र फोरमको एउटा समूहले कारबाही गरिए सरकार छाड्ने चेतावनी दिइसकेका थिए । राष्ट्रपतिले सेनाको परमाधिपतिका हैसियतमा सेनापतिमाथि कारबाही गर्दा अन्तरिम संविधान, २०६३ को भावनाअनुरूप सहमति जुटाउन बारम्बार सुझाव दिइरहेका थिए (घले २०६६क) ।

एकातर्फ राष्ट्रपतिको सुझाव र सत्ता साझेदार दलहरूको असहमति पछि कारबाही गर्ने प्रक्रिया तत्काल रोकेर सरकारले मन्त्रीहरूलाई स्पष्टीकरण अध्ययनको लागि समय दिने निर्णय गऱ्यो । यस विषयलाई लिएर प्रधानमन्त्री दाहालले वैशाख ७, ९, १३ र १७ गते गरी चारपटक राष्ट्रपति रामवरण यादवसँग भेट गरे । चारैपटक राष्ट्रपतिले संविधानको मर्मअनुसार सबैको सहमतिमा मात्र अघि बढ्न सुझाव दिएका थिए । त्यसै गरी प्रमुख प्रतिपक्ष काँग्रेसलगायत सत्ता साझेदार दलहरूसँग पनि माओवादीले सहमति प्रयास जारी राखे ।

अन्ततः उत्कर्षको दिन आयो । वैशाख २० गते बिहान प्रधानमन्त्री निवास बालुवाटारमा मन्त्रिपरिषद् बैठक डाकियो । बैठक भइरहेकै वेला अलिअघि नेपाली सेनाका बलाध्यक्ष रथी कुलबहादुर खड्का र केही पछि सेनापति रूक्मांगद कटवाललाई बोलाइयो । रक्षा मन्त्रालयका कामु सचिव गणेशराज जोशी त्यसअघि नै बालुवाटारमा उपस्थित भइसकेका थिए । दुवै सैनिक अधिकारीलाई उनैले बोलाएका थिए । प्रधानमन्त्री दाहालले त्यही बैठकमा सेनापति कटवाललाई हटाउने र रथी खड्कालाई कामु सेनापति नियुक्त गर्ने प्रस्ताव राखे । उपप्रधानमन्त्री वामदेव गौतमलगायतका मन्त्रीहरूले उक्त प्रस्तावविरूद्ध तत्काल बैठक बहिष्कारको घोषणा गरे । प्रधानमन्त्री कार्यालयको प्रेस कक्षमा आएर उपप्रधानमन्त्री गौतमले

बैठकमा प्रधानमन्त्रीले सेनापति हटाउने प्रस्ताव गरेकाले आफ्नो पार्टीको निर्णयअनुसार बहिष्कार गरिएको जानकारी दिए । लगत्तै नेपाल सद्भावना पार्टीका राजेन्द्र महतो र नेकपा संयुक्तका गणेश साहले पनि त्यहीं बहिष्कारको घोषणा गरे । सबैभन्दा पछि आइपुगेका मधेसी जनअधिकार फोरम (मजफो) का सहअध्यक्ष जयप्रकाशप्रसाद गुप्ताले भने सेनापति हटाउने प्रक्रियामा आफ्नो पार्टीको असहमति रहेको उल्लेख गरे ।

अन्य सत्ता साझेदारको बहिष्कार र असहमतिका बाबजुद मन्त्रिपरिषद्का माओवादी मन्त्रीहरूले त्यही दिनदेखि सेनापति कटवाललाई हटाउने र रथी खड्कालाई कामु मुकरर गर्ने निर्णय गरे । सरकारका प्रवक्तासमेत रहेका सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महराले मन्त्रिपरिषद्का निर्णय प्रेसलाई जानकारी गराए । दुई बुँदे निर्णयको पहिलो बुँदामा सेनापति कटवाललाई हटाइएको उल्लेख थियो भने दोस्रोमा बलाध्यक्ष रथी कुलबहादुर खड्कालाई कामु सेनापति मुकरर गरिएको निर्णय थियो ।

कटवाललाई हटाउने निर्णय भएपछि सोही दिन मजफोबाहेकका दलहरूले सरकार छाड्ने निर्णय गरे । काँग्रेस, एमालेलगायतका १८ राजनीतिक दलले बैठक बसी माओवादी नेतृत्वको सरकारले सेनापति हटाउन गरेको निर्णय असंवैधानिक भएको उल्लेख गर्दै सच्याउन राष्ट्रपतिलाई अनुरोध गरे । त्यसअघि नै काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय जनशक्ति पार्टीका नेताहरूले राष्ट्रपतिलाई भेटी 'कदम चाल्न' अनुरोध गरिसकेका थिए । यद्यपि के कदम चाल्ने भने सम्बन्धमा राष्ट्रपतिलाई ठोस सुझाव भने दिइएको थिएन ।

नेकपा-माओवादी नेतृत्वको सरकारले राष्ट्रपतिलाई छल्नका लागि प्रयास गर्दागर्दै पनि राष्ट्राध्यक्षका रूपमा सरकारको काम-कारबाहीबारे भने जानकारी गराइयो । राष्ट्रपतिलाई सेनाको परमाधिपतिका रूपमा अन्तरिम संविधान, २०६३ ले तोकेकाले पनि निर्णयबारे जानकारी दिन जरूरी थियो । निर्णय गरेकै दिन दिउँसो प्रधानमन्त्री दाहालले राष्ट्रपति यादवलाई सेनापति कटवाललाई हटाइएको र रथी खड्कालाई कामु सेनापतिमा नियुक्त गरिएको जानकारी फोनमार्फत गराएका थिए ।

## अन्योलमा जंगी अड्डा

स्पष्टीकरण प्रक्रिया सुरु भएदेखि नै सैनिक अधिकारीहरूबीच अविश्वासको वातावरण पैदा भइसकेको थियो । सेनापति कटवाल र रथी खड्का आ-आफ्नो पक्षमा राजनीतिक, कूटनीतिक समर्थन जुटाउन दौडधुप गरिरहेका थिए ।

त्यसले जंगी अड्डामा असामान्य तनाव पैदा गऱ्यो, जो २००७ सालयता कहिल्यै महसुस भएको थिएन ।

२०६६ वैशाख २० गते बिहान ९ बज्नुअगावै रथी खड्कालाई रक्षासचिव जोशीले प्रधानमन्त्री निवास बालुवाटारमा बोलाएका थिए । करिब एक घण्टाको अन्तरमा सेनापति कटवाललाई पनि बोलाइयो । पहिलो र दोस्रो बरियताका आफ्ना हाकिमहरू गइसकेपछि जंगी अड्डाका उच्च सैनिक अधिकारीहरू (पिएसओज्) तेस्रो वरियताका रथी छत्रमानसिंह गुरूङको कार्यकक्षमा जम्मा भए । त्यसैबीच कटवाललाई सेनापतिबाट हटाइएको र खड्कालाई कामु दिइएको खबर जंगी अड्डामा फोनबाट आइपुग्यो । सरकारको निर्णयलाई कसरी लिने भन्ने विषयमा उनीहरूबीच छलफल सुरु भयो ।

सेनापति कटवालले बालुवाटारमा आफ्नो बर्खास्तगीको पत्र नबुझी कार्यालयमा पठाउन भनेर हतारहतार जंगी अड्डा फर्के । बालुवाटारमै पत्र बुझेको भए जंगी अड्डा गएर पूर्ववत् कमाण्ड सम्हाल्न व्यावहारिक रूपले सहज नहुने सायद उनले बुझेका थिए । रक्षा मन्त्रालयका कामु सचिव गणेशराज जोशी, सहसचिव श्रीधर पोखेल र नायव सुब्बा मोहनप्रसाद नेपालले कटवाललाई हटाइएको पत्र दिउँसो सैनिक मुख्यालयस्थित सैनिक सचिवको कार्यालयमा लगेर बुझाए ।[४] सेनापति कटवालले आफूलाई असंवैधानिक तबरबाट हटाइएको जिकिरसहित बर्खास्त गरिएको पत्रसमेत राखेर राष्ट्रपतिलाई एक निवेदन लेखे ।

बालुवाटारबाट जंगी अड्डा कटवालभन्दा पहिला खड्का पुगेका थिए । त्यहाँ आफूले कामु नियुक्तिको पत्र लिएर आएको जानकारी उनले अन्य जर्नेलहरूलाई दिए । यद्यपि उनले सैनिक परम्पराअनुसार कार्यभार सम्हालिसकेका थिएनन् । खड्काले संक्षिप्त रूपमा पिएसओज्को बैठक गरेर आफ्नो नियुक्तिलाई आन्तरिक अनुमोदन गराउने प्रयास गरे, तर पर्याप्त समर्थन नजुटेकाले त्यो सम्भव भएन । हटाइएका सेनापति कटवाल पनि करिब १० मिनेटपछि जंगी अड्डा पुगेपछि अर्को बैठक सुरु भयो । त्यसमा खड्काले आफूले कामु पाएको औपचारिक जानकारी दिए । यता कटवाललाई हटाइएको निर्णयचाहिं मध्यरात १२ बजेबाट मात्र लागु हुने व्याख्या बैठकले गऱ्यो । कटवाललाई हटाइएको पत्रमा 'आजकै मितिदेखि' भन्ने उल्लेख थियो । त्यसले रातको १२ बजेसम्म जनाउने व्याख्या गरिएको

---

[४] प्रधानसेनापतिको तर्फबाट हुने पत्राचार तथा अन्य व्यवस्थापकीय काममा उनको सैनिक सचिवालय जिम्मेवार हुन्छ ।

थियो । रथी खड्कालाई पिएसओज्को उक्त व्याख्यामा प्रतिवाद गर्ने आधार मिलेन किनभने सबै पिएसओज् त्यसमा सहमत देखिए ।

पिएसओज् बैठकले मध्यरात १२ बजेसम्म कटवालकै 'कमाण्ड कन्ट्रोल' रहने निष्कर्ष निकालेपछि कामु पाएका रथी खड्काले स्वभाविक रूपमा त्यसदिन थप अघि बढ्ने कोसिस गरेनन् । बरु उपत्यकाबाहिर रहेका पाँच पृतना कमाण्डरहरूलाई आफू कामु सेनापतिमा नियुक्ति भएको जानकारी टेलिफोनबाट दिए । तर, मध्यरात नहुँदै राष्ट्रपतिले सेनापति कटवाललाई 'हालका लागि यथास्थानमा काम गर्दै गर्नु' भन्ने पत्र पठाए । राति जंगी अड्डामै बसेका सेनापति कटवाल र अन्य सैनिक अधिकारीहरूले त्यसलाई तत्कालै देशभरीका सैनिक इकाइहरूमा पठाए । भोलिपल्ट २०६६ वैशाख २१ गते बसेको पिएसओज् बैठकले राष्ट्रपतिको निर्देशनलाई अन्तिम मान्ने निर्णय गऱ्यो ।

रथी खड्कालाई सरकारले दिएको 'कामु' भने बदर गरिएन । 'कमाण्ड कन्ट्रोल' सेनापति कटवालको हातमा रहे पनि त्यसपछि कागजी रूपमा सरकारको निर्णयअनुसार रथी खड्का कामु सेनापति नै रहे । साउन ६ गते उनले उमेरको हदका कारण अवकाश पाएपछि मात्र यो अध्याय समाप्त भयो ।

राष्ट्रपतिको निर्देशनमा सेनापति कटवालको थमौती भएपछि प्रधानमन्त्री पुष्पकमल दाहालले वैशाख २१ गते मन्त्रिपरिषद्को आकस्मिक बैठक बोलाए । गठबन्धन सरकारमा नेकपा-माओवादी मात्र बाँकी थियो । मजफोका मन्त्रीहरू बैठकमा सहभागी भएनन् भने अन्य सत्ता साझेदार दलहरूले सरकार त्यागिसकेका थिए । मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिको कदमलाई असंवैधानिक भएको निर्णय गऱ्यो । प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिने निर्णय गरे ।

काँग्रेस-एमाले गठबन्धनले नयाँ सरकार गठनको तयारी सुरु गयो । २२ दलको समर्थनमा असार ९ गते माधवकुमार नेपालको नेतृत्वमा नयाँ सरकारको गठन भयो । माओवादीले सरकारलाई सैनिक सर्वोच्चताको जगमा उभिएको भनेर आरोप लगायो र आरम्भबाटै विरोध सुरु गऱ्यो ।

## विवादको जड : सैन्य भर्तीदेखि खेलकुदसम्म

### *सैन्य भर्ती*

नेपाली सेनाले २०६५ कात्तिक १७ र १८ गतेको *गोरखापत्र* दैनिकमा सहायक पण्डित, हुद्दा, जवान र फल्वर्सको पदपूर्तिको लागि सूचना प्रकाशन गरेको थियो । कुल २ हजार ८ सय ८४ पदका लागि आवेदन माग गरिएकोमा एक महिनापछि देशभरीका १२ स्थानमा झन्डै ५० हजार आवेदन पऱ्यो; भर्ना छनोट

प्रक्रिया सुरु भयो । तर, नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) प्रमुख इयान मार्टिनले पुस ८ गते 'नेपाली सेना र माओवादी सेनाका लडाकुमा नयाँ भर्ना लिनु सम्झौताविपरीत' भएको उल्लेख गर्दै रोक्नका लागि रक्षा मन्त्रालयमा पत्र पठाए । नयाँ भर्तीले युद्धविराम आचारसंहिता, विस्तृत शान्ति सम्झौता र सेना तथा हतियार व्यवस्थापन अनुगमन सम्झौता उल्लंघन हुने पत्रमा उल्लेख थियो । उनले रक्षालाई पत्र मात्र पठाएनन्, त्यसको व्यहोरा राखेर प्रेस विज्ञप्ति पनि जारी गरे ।[५]

त्यसको भोलिपल्टै पुस ९ गते रक्षा मन्त्रालयले जंगी अड्डालाई पत्र लेखी चालु भर्ना प्रक्रिया रोक्न निर्देशन दियो । सेनाले त्यसको जवाफमा विभिन्न प्राविधिक कठिनाइहरू रहेको उल्लेख गर्दै र विगतमा पनि भर्ना लिएका दरबन्दी नबढाई भर्ना लिँदा सम्झौता उल्लंघन नहुने स्पष्टीकरण रक्षा मन्त्रालयलाई पठायो । साथै, प्रधानसेनापति कटवालले प्रधानमन्त्री दाहाल र रक्षामन्त्री रामबहादुर थापालाई भेटेर आफ्ना कठिनाइहरू बताए । सेनाका कानुन विभाग प्रमुख सहायकरथी बीएकुमार शर्माले युद्धविराम तथा विस्तृत शान्ति सम्झौता भएको वेला कायम रहेको ९२ हजार नफ्री संख्यामा नबढाई सैन्य भर्ना गर्नु सम्झौताविपरीत नहुने बताए (घले २०६५) । सैनिक अधिकारीहरूले भर्ना प्रक्रिया अन्तिम चरणमा आइपुगेकाले बीचैमा रोक्दा सेना र सरकारप्रति नकारात्मक भावना पैदा हुने उल्लेख गरे ।

तर, यसलाई रक्षामन्त्री थापा र माओवादी नेतृत्वको सरकारलाई सेनाले नटेरेको अर्थ लगाइयो । नागरिक सर्वोच्चताको सिद्धान्तअनुसार सेनाले रक्षा मन्त्रालयबाट प्राप्त निर्देशनको पालना गर्दै सैन्य भर्नालाई रोक्नुपर्ने रक्षामन्त्री थापाको भनाइ रह्यो । उनले २०६५ माघ २९ गते संसदको राज्य व्यवस्था समितिको बैठकमा पनि यही कुरा दोहोर्‍याए । उनको भनाइ थियो, "हामी नागरिक सर्वोच्चताको सिद्धान्तअनुसार सेनाले रक्षाको निर्देशनलाई पालना गर्नुपर्छ भन्ने मान्यतामा छौं । विवाद आएकाले विवादको समाधान नभएसम्मका लागि भर्ना स्थगित गर्न भनिएको हो ।" तर, सेनाले भर्ना रोकेन र माघको सुरुमै सैन्य भर्ना प्रक्रिया सकेर उनीहरूलाई तालिममा पठायो । यसले रक्षामन्त्री र

[५] यसअघि २०६४ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले रक्षामन्त्रीको समेत कार्यभार सम्हालेका वेला नेपाली सेनाले सैन्य जवान र अधिकृतका लागि गरी दुईपटक भर्ना लिएको थियो । त्यस वेला पनि अनमिनले उही व्यहोराको पत्र रक्षा मन्त्रालयमा पठाएको थियो तर त्यसलाई प्रेस विज्ञप्तिको रूपमा सार्वजनिक गरिएको थिएन ।

सेनापतिबीचको सम्बन्ध कतिसम्म बिग्रियो भने कटवालले आफूनिकट व्यक्तिहरूसँग रक्षामन्त्रीलाई आफूले मन्त्री नै नमानेको टिप्पणीसमेत गरे । सेनापतिले रक्षा मन्त्रालयमा नियमित 'ब्रिफिङ' गर्नसमेत छाडे ।

भर्ना प्रकरणमा राजनीतिक दलहरूबीच पनि फरकफरक धारणा देखापऱ्यो । आफूलाई भेट्न आएका प्रधानमन्त्री दाहाललाई काँग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले सेनाको भर्ना नियमित प्रक्रिया भएकाले त्यसलाई सुचारु हुन दिन आग्रह गरे । काँग्रेसले पुस १२ गते विज्ञप्ति जारी गरेर दरबन्दी नबढाई रिक्त पदपूर्ति गर्नु सामान्य र नियमित कार्य भएको उल्लेख गऱ्यो । 'नेपाली सेना गौरवशाली इतिहास बोकेको, राजनीतिबाट अलग अराजनीतिक चरित्रको राष्ट्रिय संस्था भएको' उल्लेख गर्दै शान्ति प्रक्रिया र राष्ट्रको वर्तमान गणतान्त्रिक रूपान्तरणमा समेत यसले सकारात्मक भूमिका खेलेको उसले बतायो ।[६]

विवाद लम्बिदै गएपछि अनमिन प्रमुख इयान मार्टिनले समस्या लम्बिदै जानुले गम्भीर खतरा सिर्जना हुने बताए । माघ ४ गते उनले विज्ञप्ति जारी गरी नयाँ भर्तीका सम्बन्धमा युद्धविराम र विस्तृत शान्ति सम्झौताका वेला भएका सहमतिहरूको स्मरण गराएका थिए । माघ १८ गते युरोपेली युनियनका आठ राजदूतले पनि प्रधानमन्त्रीलाई भेटी यो विवाद टुङ्ग्याउन आग्रह गरे । तर, दुवै पक्ष आफ्ना अडानमा अडिग रहे, विवाद कायमै रह्यो । भर्ना गरिएका करिब तीन हजार युवाहरूलाई सेनाले आफूखुशी तालिममा पठायो । सैन्य भर्ना शान्ति सम्झौता र अन्तरिम संविधान, २०६३ को भावनाविपरीत भएको भन्दै सर्वोच्च अदालतमा परेको रिटको फैसलामा 'भर्ना भइसकेकालाई रोक्न नपर्ने तर थप सैन्य भर्ना गर्न नहुने' आदेश आयो ।

## *आठ सहायकरथीको विवाद*

सैन्य भर्ना प्रकरण सेलाउन नपाउँदै आठ सहायकरथीहरूको पदावधि सम्बन्धमा अर्को विवाद उब्जियो । उनीहरूको सेवा अवधि २०६५ चैत ३ गते सकिँदै थियो । सैनिक ऐन, २०६३ ले सहायकरथीमा पहिलो चार वर्षको कार्यकालपछि तीन वर्ष म्याद थप्न सकिने व्यवस्था गरेको छ । त्यसैअनुसार म्याद सकिनुभन्दा करिब डेढ महिनाअघि माघ १९ गते जंगी अड्डाले सहायकरथीहरू कुमार बुढाथोकी, रमेश विष्ट, प्रदीपविक्रम राणा, पवनबहादुर पाण्डे, नरेन्द्र रावल, नरबहादुर

---

[६] नेपाली काँग्रेस केन्द्रीय कार्यालयद्वारा जारी विज्ञप्ति, २०६५ पुस १२ ।

कँडेल, शिवकुमार पौडेल र राजुप्रताप केसीको म्याद तीन वर्ष थप्नका लागि सरकारसमक्ष सिफारिस गरेको थियो, तर थपिएन ।

नेपाली सेनामा यति ठूलो संख्यामा सहायकरथीहरूले एकसाथ अवकाश पाएको यो पहिलो घटना थियो । सेनापति कटवालले अन्तिम अवस्थामा उनीहरूको पदावधि नथपिने संकेत पाएपछि चैत ३ गते नै राष्ट्रपति रामवरण यादव र प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटी म्याद थप्न 'लबिङ' गरे । तर, त्यही बेलुका रक्षामन्त्री रामबहादुर थापाले नियमित प्रक्रियाअन्तर्गत् अवकाश दिइएकाले पुनर्विचार नहुने प्रतिक्रिया दिए (घले र बिसी २०६५क) । सरकारले उनीहरूको म्याद थप नगर्नुको स्पष्ट कारण दिएको थिएन ।

सेनापति कटवालले राष्ट्रपति यादवसँगको भेटमा सहायकरथीहरूको म्याद थप नगरिएमा त्यसबाट 'नराम्रो नजिर बस्ने' र 'सेनाको संरचनामै धक्का लाग्ने' बताएका थिए (घले र बिसी २०६५क)। राष्ट्रपतिकै सल्लाहअनुसार उनले प्रधानमन्त्रीलाई भेटी विषयको संवेदनशीलताबारे स्पष्ट पार्ने कोसिस गरेका थिए । राष्ट्रपतिले सोही विषयमा त्यसै दिन एमाले महासचिव ईश्वर पोखेल र काँग्रेस प्रवक्ता अर्जुननरसिंह केसीसँग परामर्श गरेका थिए । दुवै नेताले राष्ट्रपतिसँग उनीहरूको म्याद थपिनुपर्ने जिकिर गरे ।

सैनिक ऐन, २०६३ को धारा १७ को उपधारा ३ मा 'लामो अवधिसम्म सेवा गरी शारीरिक रूपमा सक्षम रहेका अधिकृतको सेवा नेपाली सेनाका लागि आवश्यक छ भनी मनासिब आधार र कारण खोली नेपाल सरकारसमक्ष प्रधानसेनापतिले सिफारिस गरेमा नेपाल सरकारले पदावधि थप गर्नसक्ने' उल्लेख छ । जसअनुसार साधारणतर्फ सहायक रथीको उमेर हद ५६ वर्ष रहेको छ भने चार वर्षको सेवा अवधिपछि एक पटकलाई थप तीन वर्ष थप्न सकिने व्यवस्था छ । 'गर्न सक्ने' उल्लेख भएकाले यो बाध्यकारी व्यवस्थाचाहिं होइन ।

सरकारले म्याद नथप्ने निर्णय गरेलगत्तै आठैजना सहायकरथीहरू सरकारको अवकाश दिने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेशको माग गर्दै सर्वोच्च अदालत पुगेका थिए । सर्वोच्चले २०६५ चैत १२ मा उनीहरूको पक्षमा अन्तरिम आदेश जारी गर्दै सरकारको निर्णय कार्यान्वयन नगराउन आदेश दियो ।[७]

त्यसैको आधारमा उनीहरूलाई जंगी अड्डाले अवकाश पत्र निस्क्रिय भएको उल्लेख गर्दै आफैं साबिक काममा खटायो । रक्षा मन्त्रालयको राय वा निर्देशन

---

[७] नयाँ सरकारले उनीहरूको पदावधी दुई वर्ष थप्ने निर्णय गरेपछि २०६६ भदौ ३० गते मुद्दा फिर्ताको लागि दिएको निवेदनलाई सर्वोच्च अदालतले २०६६ असोज २ गते सदर गऱ्यो ।

मागिएन । यसले माओवादी नेतृत्वको सरकारलाई झनै चिढ्यायो । यसअघि २०६३ सालमा म्याद नथपिएपछि सर्वोच्च पुगेका तत्कालीन उपरथी प्रदीपप्रताप बम मल्लले अन्तरिम आदेश लिएर आउँदा रक्षा मन्त्रालयबाट आदेश नआएको भन्दै जंगी अड्डाले काममा लगाएको थिएन ।[८] तर, यसपालि जंगी अड्डाले सर्वोच्चको आदेश सरकारसमक्ष पुग्नुअगावै आठ सहायकरथीलाई काममा फर्काएपछि माओवादी नेतृत्वको सरकार र सैनिक नेतृत्वबीच मनमुटाव झनै बढ्यो । सरकारले आन्तरिम आदेशलाई दरपीठको लागि सर्वोच्चमा निवेदनसमेत दियो । तर, सर्वोच्च अदालतले दरपीठ गर्न नपर्ने आदेश दियो ।

## *खेलकुद विवाद*

केही दिनमा पुनः अर्को विषयलाई लिएर सिंहरदबार र जंगी अड्डाबीचको सम्बन्ध खल्बलियो । लामो अन्तरालपछि पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुँदै थियो । २०६५ चैत २४ गते राष्ट्रपति रामवरण यादवले त्यसको उद्घाटन गरेका थिए र त्यही दिन उद्घाटन खेलहरू खेलिएका थिए । सेना र सरकारबीच बढ्दो विवादको छायाले त्यो खेल महोत्सवलाई पनि बाँकी राखेन ।

चैत २५ गते बिहानै सबै खेल व्यवस्थापकहरूको हातमा नयाँ खेल तालिका थमाइयो । त्यसमा माओवादी सेनाका लडाकुको टोली 'जनमुक्ति सेना स्पोर्टस् क्लब' को नाम पनि सामेल थियो । उद्घाटन भएर खेलसमेत सुरु भइसकेको अवस्थामा माओवादी लडाकुको टोलीले कसरी प्रवेश पायो ? यो प्रश्नले आयोजकहरूलाई अप्ठ्यारोमा पार्‍यो । प्रधानमन्त्रीको ठाडो निर्देशनमा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्ले नयाँ टिमलाई पनि प्रतियोगितामा समावेश गराएका थिए । जनमुक्ति सेना स्पोर्टस क्लबले करिब एक महिनाअघि नै राष्ट्रिय खेलकुद परिषद्मा प्रतियोगिताका लागि आवेदन दिएको थियो । तर, परिषद्ले त्यसमा कारबाही अगाडि बढाएको थिएन । त्यहीबीच माओवादी सेनाका कमाण्डर नन्दकिशोर पुनले प्रधानमन्त्री दाहाललाई भेटी आग्रह गरेपछि परिषद्का संरक्षकसमेत रहेका प्रधानमन्त्रीले समावेश गराउन लिखित निर्देशन दिएका थिए ।

---

[८] तत्कालीन उपरथी प्रदीपप्रताप बम मल्लले अदालतको आदेश लिएर पटकपटक जंगी अड्डा जाँदा पनि उनलाई पुनः सेवामा प्रवेश नदिइएको मात्र होइन, सेवाअवधि सकिएपछि तलब भत्ता माग गर्दासमेत दिइएको थिएन । प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकार बनेपछि मात्र उनलाई त्यस अवधिको तलब भत्ता र सुविधा उपलब्ध गराउने निर्णय मन्त्रिपरिषद्ले गर्‍यो ।

माओवादी लडाकुको टोली सहभागी भएपछि उनीहरूले खेल्ने छओटा खेल बहिष्कार गर्ने घोषणा नेपाली सेनाले गऱ्यो । खेल्नका लागि मैदानमा उत्रिसकेका आफ्ना खेलाडीलाई फिर्ता बोलायो । माओवादी लडाकुले भाग लिएका फुटबल, भलिबल, ब्याडमिन्टन, तेक्वान्दो, एथलेटिक्स र कराँते सेनाले बहिष्कार गऱ्यो । सैनिक प्रवक्ता रमीन्द्र क्षेत्रीले खेलको नियम मिचिएकाले त्रिभुवन आर्मी क्लब आफैंले केही खेल बहिष्कार गर्ने निर्णय गरेको बताए पनि (हमाल र घले २०६५) चैत २५ गते बिहान प्रधानसेनापति र उनीनिकट केही उच्च सैनिक अधिकारीहरूको बैठकले माओवादी लडाकु सहभागी हुने खेलमा भाग नलिने, खेलाडीलाई फिर्ता बोलाउने तय गरेको थियो । त्रिभुवन क्लब सेनाको आफ्नै भएकाले त्यसले वा खेलाडी आफैंले स्वतन्त्र निर्णय गर्न सक्ने अवस्था पनि थिएन ।

सेनाको क्लबले खेलकुद परिषद्मा बुझाएको पत्रमा पाँचौं खेलकुद सञ्चालन निर्देशिका पालना नगरिएको, प्रतियोगिताका केही खेल पहिला नै सुरु भइसकेको अवस्थामा नयाँ टिम सहभागी गराएको र त्यसो गर्नुअघि जानकारी नगराएकोलगायत प्राविधिक मुद्दा उठाएर ती खेलहरू आफूले नखेल्ने उल्लेख गरेको थियो । तर, यी देखिएका विषय मात्र थिए, बहिष्कारको जड कारणचाहिं नेपाली सेनाले माओवादी लडाकुलाई राज्यको एक अंगको रूपमा मान्यता नदिनु र माओवादीले चाहिं आफ्ना लडाकुलाई राष्ट्रिय अंगको रूपमा स्थापित गराउने भित्री चाहना राख्नु थियो ।

नेपाली सेनाको व्यवहारले माओवादी नेतृत्वको सरकार र त्यसमा पनि प्रधानमन्त्री दाहाललाई व्यक्तिगत रूपमा चिढ्यायो । त्यही दिन बेलुका उनले वरिष्ठ मन्त्रीहरूसँग कुन प्रक्रियाबाट अघि बढ्ने भनेर परामर्श गरेका थिए । सरकारका प्रवक्ता तथा सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महराले सेनाको व्यवहारलाई सरकारले गम्भीर रूपमा लिएको बताएका थिए । सेनाजस्तै जनमुक्ति सेनाले पनि प्रतियोगितामा भाग लिन पाउने उत्तिकै अधिकार रहेको उल्लेख गर्दै महराले नेपाली सेनाको खेल बहिष्कार गर्ने निर्णयले विस्तृत शान्ति सम्झौता उल्लंघन भएको उल्लेख गरेका थिए । अन्तरिम संविधान र शान्ति सम्झौतामा दुवै सेनाको अस्तित्व स्वीकार गरिएको उल्लेख गर्दै माओवादी सेनाले पनि प्रतियोगितामा भाग लिन पाउने अधिकार रहेको उनको दाबी थियो ।

यसरी सरकार-सेना विवाद भर्ना प्रक्रिया, आठ सहायकरथीको म्याद थप हुँदै पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगितासम्म लम्बिएको थियो । यस अवस्थासम्म आइपुग्दा माओवादी नेताहरू सेनाले सरकारलाई नटेरेको र राजनीतिक नियन्त्रणबाहिर

जान थालेको सार्वजनिक रूपमै भन्न थालेका थिए भने अन्य दलका नेताले चाहिं माओवादीले सेनामा राजनीतिक हस्तक्षेप बढाउन खोजेको रूपमा बुझेका थिए ।

## मनोवैज्ञानिक असर

नेपाली सेना र माओवादी नेतृत्वको सरकारबीच भएको द्वन्द्वमा वास्तविकताभन्दा पनि यी दुईबीचको मनोवैज्ञानिक त्रासले बढी काम गरेको थियो । २०५८ मंसिरमा माओवादीविरूद्ध सेना परिचालन भएपछिको पाँच वर्ष दुई पक्षबीच लडाइँ भएको थियो । त्यस अवधिमा एकले अर्कोमाथि आक्रमण गर्ने मात्र होइन, एकले अर्कालाई कमजोर र बदनाम देखाउन उनीहरूले प्रशस्त मनौवैज्ञानिक युद्धसमेत लडेका थिए । सेनाले माओवादीलाई 'आतंककारी' को रूपमा चित्रित गर्ने र माओवादीले सेनालाई 'हत्यारा', 'बलात्कारी' तथा 'मानवअधिकार उल्लंघनकर्ता' का रूपमा बदनाम गराउने प्रपञ्चहरू गरेका थिए । दुवैले एक अर्कालाई दुस्मनको रूपमा चित्रित गरेका थिए । त्यही भएर शान्ति सम्झौतापश्चात् पनि सैनिक नेतृत्वलाई माओवादीहरू फेरि युद्धमा फर्कन सक्ने वा सबै संरचनाहरू आफूअनुकूल बनाउने क्रममा सेनालाई पनि माओवादीकरण गरिदिन्छन् कि भन्ने डर रह्यो भने माओवादीमा आफ्नो सत्ता वा सरकारलाई सेनाले सहयोग गर्दैन कि भन्ने चिन्ता छायो ।

खुला राजनीतिमा आएपछि पनि माओवादीले नेपाली सेनाको मनोबल गिराउने खालका अभिव्यक्तिहरू दिइरहनुको कारण त्यही थियो । माओवादी अध्यक्ष प्रचण्डले पहिलोपटक सार्वजनिक भएको दिन प्रधानमन्त्री निवासमा मन्त्रीहरू, राजनीतिकर्मी र मिडिया सामुन्ने गरेको पहिलो खुला सम्बोधनमा 'तत्कालीन शाही नेपाली सेना हत्यारा र बलात्कारी' भएको अभिव्यक्ति दिएका थिए । यद्यपि, त्यसलाई उनले पछि सच्याउँदै 'सबै सेनालाई भनेको होइन, सेनाभित्रका केही त्यस्ता छन्' भनेका थिए । त्यसै गरी सैनिक अधिकारीहरू माओवादी नेताका अभिव्यक्तिलाई सधैं उनीहरूको 'सत्ता कब्जा गर्ने मनसाय' बाट आएको ठान्थे ।

माओवादी नेताहरूले खासमा नेपाली सेनालाई राष्ट्रिय सेनाका रूपमा मान्यता दिएका थिएनन् । रक्षामन्त्री भएपछि पनि रामबहादुर थापाले बारम्बार नेपाली सेना र जनमुक्ति सेनाबीचको समायोजनपछि मात्र राष्ट्रिय सेनाको निर्माण हुने सार्वजनिक रूपमा बताएका थिए । यसको अर्थ नेपाली सेनाले राष्ट्रिय स्वरूप लिन नसकेको भन्ने हुन्थ्यो ।

त्यसै गरी सेनापति रूक्मांगद कटवालका विवादास्पद अभिव्यक्ति र राजनीतिक/कूटनीतिक चलखेलबाट पनि माओवादी सशंकित थिए । सेनापति कटवाल ओखलढुंगाको सामान्य परिवारमा जन्मेका भए पनि उनलाई राजा महेन्द्रले काठमाडौं ल्याई रानी रत्नको छत्रछायामा हुर्काएका हुन्, त्यसैले यिनले अन्ततः दरबारको सेवा गर्नेछन् भन्ने गहिरो बुझाइ माओवादी वृत्तमा थियो । यस्तो अवस्थामा द्वन्द्व बढ्दै गएपछि माओवादीले उनलाई विश्वास गर्न सक्ने अवस्था झनै भएन ।

सेना र सरकारबीच सम्बन्ध बिग्रिनुमा रक्षामन्त्री रामबहादुर थापा र सेनापति कटवालको व्यक्तिगत स्वभावले पनि भूमिका खेल्यो । थापाको अन्तरमुखी स्वभावले सेनाबारे उनको बुझाइ र सोचाइ थाहा पाउन गाह्रो थियो । उनले रक्षामन्त्रीमा नियुक्ति पाएपछि पनि सैनिक विषय छलफल गर्न र बुझ्न त्यति मेहनत गरेनन् । सेनापति कटवालले पनि रक्षामन्त्री थापालाई बुझाउने कोसिस गरेनन् । दुवैले माओवादी सरकारको पछिल्लो कालमा एक अर्कालाई पदीय हिसाबले समेत स्वीकार गरेको अवस्था थिएन । कटवालले विभागीय मन्त्रीको रूपमा गर्नुपर्ने नियमित ब्रिफिङ गरेनन् भने थापाले सैनिक विषयमा निर्णय लिनुअघि बोलाएर सोधेनन् । यसरी युद्धकालीन अवस्थाबाट आएको मनौवैज्ञानिक असरलाई रक्षामन्त्री थापा र सेनापति कटवालले एक अर्काबीच संवाद, अन्तर्क्रिया र सहकार्यबाट अघि बढाउन नसक्दा सरकार र सेनाबीच असहज अवस्थाको सिर्जना भयो ।

## कमजोर रक्षा प्रशासन

सरकार-सेनाबीचको सम्बन्धको पुल भनेको रक्षा मन्त्रालय हो । नेपाली सेनाको हरेक क्रियाकलापको अनुगमन गर्ने नागरिक प्रशासनको भूमिका खेल्नुपर्ने रक्षा मन्त्रालयको दायित्व हो । तर, रक्षा मन्त्रालयको कमजोर प्रशासन संयन्त्रले बिग्रदै गएको सरकार-सेनाबीचको सम्बन्धलाई सुधार गर्नका लागि बल पुऱ्याउन सकेन । रक्षामन्त्री थापाले २०६५ माघ २८ गते राज्य व्यवस्था समितिको बैठकमा भनेका थिए, "म त रक्षा मन्त्रालयलाई रछ्यान मन्त्रालयको नाम दिन्छु ।" उनले रक्षालाई रछ्यान मन्त्रालयको उपमा दिएर कमजोर रक्षा प्रशासनप्रति व्यङ्ग्य गरेका थिए ।

रक्षा मन्त्रालय सबैभन्दा कमजोर पूर्वाधार र कम जनशक्ति भएको मन्त्रालय हो । २०६६ असोज ३ गतेसम्म जम्मा ३८ कर्मचारीको दरबन्दी रहेको यो मन्त्रालयको भूमिका लामो समयसम्म जंगी अड्डाले पठाएको फाइल सदर गर्ने

अड्डा सरह रह्यो । यसमा सेनाको सिफारिस र निर्णयहरूलाई के, किन र कसरी भन्ने प्रश्नमा राखेर कहिल्यै बुझ्ने र प्रमाणित गर्ने वा आफ्नो राय दिने क्षमताको स्रोत साधन विकास हुन सकेन । रक्षामन्त्री विद्या भण्डारीका शब्दमा भन्ने हो भने यसको विकास रक्षा मन्त्रालयको रूपमा भएकै छैन । यसअघि लामो समयसम्म प्रधानमन्त्रीले नै रक्षा मन्त्रीको समेत कार्यभार सम्हाल्ने गरेका कारण यसो भएको उनको जिकिर छ ।[९]

लोकतन्त्रको आगमनअघि सेनाको नियन्त्रण राजदरबारबाट हुने हुँदा जंगी अड्डाको सिफारिसमा प्रश्न उठाउने कुनै गुञ्जायस नभएको रक्षाका अधिकारीहरू स्वीकार्छन् । यस्तो अवस्थामा निर्वाचित सरकार र राष्ट्रिय सेनाबीच पुलको रूपमा नागरिक प्रशासनले काम गर्न सकेन । नयाँ सरकारले आफ्ना नीति तथा निर्देशनलाई स्पष्टताका साथ सेनासम्म पुऱ्याउन र सेनाका परम्परा तथा अप्ठ्याराहरू बुझ्न मात्र होइन, नागरिक सर्वोच्चताको अवधारणाअनुसार सेनाका लागि नीति, ऐन र कानुनमा आवश्यक संशोधन तथा नयाँ निर्माणको कामसमेत गर्न सकेन । यसले गर्दा सरकार-सेनाबीच बढ्दै गएको असमझदारीमा रक्षा प्रशासन मूकदर्शक बन्नुभन्दा अर्को विकल्प थिएन ।

## कूटनीतिक चासो

नेपाली सेना सम्बन्धमा सरकारले लिएका निर्णयहरूमा उच्च कूटनीतिक चासो देखा पऱ्यो । भारतीय राजदूत राकेश सूदको प्रमुख सक्रियता देखियो भने चिनीया, अमेरिकी र युरोपियन युनियनका राजदूतहरूले पनि प्रधानमन्त्रीलाई छुट्टाछुट्टै र एक्लै भेटेर चासो व्यक्त गरे । नेपाली सेना र सरकारबीच देखापरेको असमझदारीमा उनीहरूको चलखेल चाखलाग्दो रह्यो ।

सैन्य भर्ना नगर्न रक्षा मन्त्रालयले दिएको निर्देशन सेनाले अवज्ञा गरेपछि सुरु भएको विवाद बढ्दै गएपछि २०६५ माघ १८ गते युरोपियन युनियनका राजदूतहरूले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटी जिज्ञासा राखेका थिए । भेट्नेमा फिनल्यान्ड, बेलायत, फ्रान्स, जर्मनी, डेनमार्क, नर्वेलगायतका राजदूत थिए ।

त्यसै गरी नेपाली सेनाका आठ सहायकरथीहरूको म्याद नथप्ने निर्णय सरकारले गरेपछि चैत १० गते तत्कालीन अमेरिकी राजदूत न्यान्सी जे पावेलले

---

[९] रक्षामन्त्री भण्डारीसँग २०६६ असारमा गरिएको कुराकानी ।

प्रधानमन्त्री पुष्पकमल दाहाल र नेकपा (एमाले) अध्यक्ष झलनाथ खनाललाई भेटी त्यस प्रकरणबारे जिज्ञासा राखेकी थिइन् । प्रधानमन्त्रीसँगको भेटमा उनले सैनिक अधिकारीहरूको अवकाशले शान्ति प्रक्रियामा प्रभाव पार्नसक्ने सम्बन्धमा चासो व्यक्त गरेको प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार हीराबहादुर थापाले पत्रकारहरूलाई जानकारी गराएका थिए (घले र बिसी २०६५ख) ।

सेनाका सम्बन्धमा कूटनीतिक चासो यतिमा मात्र सीमित रहेन । माओवादी नेतृत्वको सरकारले प्रधानसेनापति रूक्मांगद कटवाललाई स्पष्टीकरण सोधेपछि राजदूतहरूले चासो व्यक्त गरेका थिए । त्यसको केन्द्रमा भने भारतीय राजदूत सूद रहे । उनले प्रधानमन्त्रीलाई प्रधानसेनापति कटवालमाथि कारबाही गरे नराम्रो परिणति बेहोर्नुपर्ने 'चेतावनी' समेत दिएको समाचार छापाहरूले प्रकाशन गरेका थिए ।

प्रधानसेनापति प्रकरणमा भएको कूटनीतिक चलखेल र हस्तक्षेप प्रधानमन्त्रीले आफ्नो राजीनामाका वेला दिएको मन्तव्यले पनि पुष्टि गरेको थियो । प्रधानमन्त्री दाहालले 'विदेशी प्रभु' हरू सामु आफू झुक्न नचाहेकाले राजीनामा दिएको उल्लेख गरेका थिए । साथै उनले सेनापति विवादमा विदेशीको चर्को दबाबको सामना गर्नु परेको पनि उल्लेख गरेका थिए ।[१०]

सेनापतिलाई स्पष्टीकरण सोधिएपछि भारतीय राजदूत सूदले भोलिपल्ट बिहान र दिउँसो गरी एकै दिनमा दुई पटक प्रधानमन्त्रीलाई भेटेका थिए । त्यसमा उनले सेनापतिलाई नहटाउन आग्रह गरेको र दिल्लीको सन्देश दिएको बताइएको थियो । सूदले डेढ सातामा चारपटक प्रधानमन्त्रीलाई भेटेका थिए । त्यहीबीच भारतीय राजदूत वैशाख १० गते दिल्लीसमेत गएका थिए, जहाँ उनले पछिल्लो घटनाक्रमबारे विस्तृत परामर्श गरे । उनले काँग्रेस सभापति गिरिजाप्रसाद कोइराला र सत्तारूढ एमाले नेताहरूसँग पनि पटकपटक भेटवार्ता गरेका थिए ।

त्यसै गरी अमेरिकी, बेलायतीलगायत संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्का सदस्य राष्ट्रका राजदूतहरूले सामूहिक रूपमा, अमेरिकी राजदूतले छुट्टै र युरोपेली राजदूतहरूका साथमा पटकपटक प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर सेनापति हटाउँदा शान्ति प्रक्रियामा पर्नसक्ने असरबारे छलफल गरेका थिए । यति छोटो समयमा यति धेरैपटक विदेशी राजदूतहरूको प्रधानमन्त्री र

---

[१०] तत्कालीन प्रधानमन्त्री दाहालले २०६६ वैशाख २१ गते पदबाट राजीनामा दिनुअघिको वक्तव्यमा भनिएको छ, "हामी कुनै पनि विदेशी प्रभुहरूसामु शिर निहुराउन तयार छैनौं । कुर्सीका लागि विदेशीको मुख ताक्ने युगको अन्त्य अब भइसकेको छ भन्ने स्पष्ट सन्देश दिन चाहन्छौं ।"

राजनीतिक नेताहरूसँग भेट विगतमा विरलै हुन्थ्यो । त्यसमा संयुक्त राष्ट्रसंघीय मिसनका अधिकारीले गरेको भेटघाट पनि जोड्ने हो भने फेहरिस्त झन् लामो हुन्छ । नेपाल राज्यको सबभन्दा ठूलो संगठित निकाय भएका कारण सेनाको भविष्य के हुन्छ भन्नेमा विदेशीको चासो निकै बढेको थियो ।

## कानुनी अस्पष्टता

माओवादी नेतृत्वको सरकार र सैनिक नेतृत्वबीच असमझदारी चुलिनु पछाडि अस्पष्ट कानुनी व्यवस्था एउटा कारक थियो । २०६३ भदौमा जारी भएको सैनिक ऐनलाई अन्तरिम संविधान, २०६३ को चौथो संशोधनअनुसार परिमार्जन गर्न नसक्दा संविधान र सैनिक ऐनबीच रहेको कानुनी अस्पष्टतालाई राष्ट्रपति, प्रधानमन्त्री र सेनापतिले आफूअनुकूल व्याख्या गरे ।

सैनिक ऐन जारी भएको वेला राष्ट्रपतिको व्यवस्था थिएन । २०६३ जेठ ४ गते पुनःस्थापित प्रतिनिधिसभाको घोषणाले राजाका सबै अधिकारहरू काटेको थियो, त्यसैले प्रधानमन्त्रीले नै राष्ट्राध्यक्षको समेत जिम्मेवारी लिएका थिए । तर, अन्तरिम संविधान, २०६३ को चौथो संशोधनले राष्ट्रपतिको व्यवस्था गर्‍यो । संविधानसभाको निर्वाचनपछि राष्ट्रपतिको निर्वाचनसमेत भयो ।

चौथो संशोधनले सेना सम्बन्धमा सरकार र प्रधानमन्त्रीले गर्ने भनिएका कामहरूलाई मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने भन्ने व्यवस्था कायम गर्‍यो । साथै, राष्ट्रपतिलाई नेपाली सेनाको सर्वोच्च परमाधिपतिसमेत तोक्यो । अन्तरिम संविधानमा सेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था उल्लेख छ । तर, सैनिक ऐनमा रहेको बर्खास्तीको व्यवस्थामा अन्तरिम संविधान मौन छ । सैनिक ऐन, २०६३ ले सरकारलाई सेनापति हटाउन सक्ने अधिकार दिएको छ ।

यही कानुनी दाउपेचमा राष्ट्रपतिले सेनापति कटवालसँग सरकारले स्पष्टीकरण मागिसकेको अवस्थामा प्रधानमन्त्रीलाई बारम्बार अन्तरिम संविधान, २०६३ को चौथो संशोधनअनुरूप सैनिक ऐन परिमार्जन गर्न आग्रह गरेका थिए । वैशाख २० गते मन्त्रिपरिषद्ले निर्णय गर्दा समेत सेनापति कटवाललाई बर्खास्ती गरेर, रथी खड्कालाई कामु सेनापति मात्र नियुक्त गरेको थियो । कामु नियुक्तिको लागि राष्ट्रपतिलाई सिफारिस गर्नुपर्ने व्यवस्था उल्लेख छैन । तर, नियुक्तिको अधिकार हुनेसँगै बर्खास्तीको अधिकार पनि रहने कानुनी तर्क त्यसबीच गरियो । राष्ट्रपतिले सरकारले बर्खास्त गरेका सेनापतिलाई यथास्थानमा काम गर्न

निर्देशन दिएपछि कानुनी जटिलता थपियो । यसले अन्तरिम संविधान, २०६३ अनुरूप सैनिक ऐनको संशोधन मात्र होइन, राष्ट्रपतिको काम, कर्तव्य र अधिकारसम्बन्धी कानुनको खाँचोलाई समेत औंल्याएको छ ।

## अन्त्यमा

कटवाललाई प्रधानसेनापतिबाट हटाउन खोज्दा माओवादी नेतृत्वको सरकार अल्पमतमा पर्‍यो । संविधानसभाको सबभन्दा ठूलो दल सरकारबाट बाहिरिन बाध्य भयो । यसबाट माओवादीले नेपाली सेनालाई उपयुक्त ढंगले सञ्चालन र व्यवस्थापन गर्न नसकेको स्पष्ट हुन्छ । साथै उसले सेना सम्बन्धमा अन्य सत्ता साझेदारहरूलाई समेत विश्वासमा लिन सकेको देखिएन । यस्तो अवस्थामा सैनिक नेतृत्वले जतिसुकै 'अराजनीतिक' भने पनि नेपाली सेनालाई जानी-नजानी राजनीतिक दल र सैनिक नेतृत्वले नै राजनीतिक भूमरीमा फँसाइसकेको अवस्था छ । सेनाको विषयलाई लिएर सडकमा नाराबाजी हुने, सैनिक नेतृत्वले राजनीतिक नेताहरूसँग परामर्श गर्नेजस्ता प्रवृत्ति सुरु भइसकेको छ । साथै, सेनाभित्र देखिएको मतभेदले दूरगामी नकारात्मक असर पार्न सक्छ ।

सेनाले सीधै राजनीति गरेको नदेखिए पनि सेनाको भावना बुझेर राजनीति गर्ने वा सेनालाई देखाएर राजनीति गर्ने प्रवृत्ति मौलाउन थालेको छ । सेनाको विषयलाई लिएर अझ संक्रमणकालमा राजनीतिक मत विभाजन हुनु दुर्भाग्य नै हो । माओवादी पार्टीले सेनापति रूक्मांगद कटवाललाई सामन्ती व्यवस्थाको अवशेषको रूपमा व्याख्या गर्‍यो । उनलाई सरकारले सोधेको स्पष्टीकरण ठीक छ भन्दै कार्यकर्तालाई सडकमा उतार्‍यो । त्यसै गरी विपक्षी दलहरू सेनापतिलाई सोधेको स्पष्टीकरणको विरोधमा उभिए । त्यसलाई केही सत्ता साझेदार दलहरूले समेत साथ दिए । अन्ततः माओवादी नेतृत्वको सरकार ढलेर माओवादीइतर सरकार गठन भयो ।

सेनापति प्रकरणमा सरकार गिर्ने अवस्था सिर्जना हुनु भनेको राजनीतिमा सेनाको भूमिका प्रभावकारी हुँदै गएको संकेतका रूपमा पनि बुझ्न सकिन्छ । यसरी राजनीतिक पक्षहरू आफैंले सेनालाई राजनीतिको केन्द्रमा राखेपछि सेनामा राजनीतिक महत्त्वकांक्षा पलाउन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । यद्यपि, गणतन्त्रलगायतका परिवर्तनलाई आत्मसात् गरिसकेको राष्ट्रिय सेनालाई दलहरूले आक्षेप मात्र लगाइरहनु र उसको लोकतान्त्रीकरण तथा आधुनिकीकरणमा खासै काम नगर्नु उपयुक्त होइन ।

राष्ट्रिय सुरक्षा नीति, त्यसअनुरूपको रक्षा नीतिको निर्माण र बृहत् राजनीतिक सहमतिको आधारमा सुरक्षा संयन्त्रहरूको आधुनिकीकरण तथा लोकतान्त्रीकरण अहिलेको आवश्यकता हो । उनीहरूलाई विश्वव्यापी मान्यताअनुरूपको विधिप्रति विश्वस्त, मानवअधिकारप्रतिको प्रतिबद्धतासहितको फौजमा परिणत गर्नु अहिलेको आवश्यकता हो । पक्ष-विपक्षमा विभाजित भएर दलीय स्वार्थमा राष्ट्रिय सेनालाई राजनीतिको केन्द्रमा राख्ने कार्यले अन्ततोगत्वा लोकतान्त्रिक पद्धतिलाई नै अप्ठ्यारोमा पार्नेछ ।